Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
# मुलुकी
राष्ट्रिय दैनिक
माझखर्क साप्ताहिकको सह-प्रकाशन
खबर

मुलुकी दैनिक पत्रिकाको भदौ महिनाको मासिक शुल्क रु २०० दुई सय बितरकलाई पठाईदिन हुन जरुरी सुचना। थप जानाकारीको लागि ९८४२९८५१८८

■ बर्ष-१७, ▶▶ अंक १५ असोज १ गते शुक्रबार,२०७८, September–17 Friday 2021 ,यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# कोबिडले रोकिएको राष्ट्रिय जनगणना ४ महिनापछि सुचारु

महेश्वर चामलिङ राई
उदयपुर, भदौ ३१

कोविडका कारण झण्डै साढे ४ महिनादेखि रोकिएको 'राष्ट्रिय जनगणना २०७८' बुधबारदेखि सुचारु भएको छ। कोभिडका कारण गत वैशाख २१ गतेदेखि लागू निशेधाज्ञा सुरु भएसँगै रोकिन पुगेको कार्यक्रम मन्त्रिपरिषदको भदौ २१ को निर्णय अनुसार ३० गतेदेखि सुचारु भएको हो।

जिल्ला तथ्यांक शाखा अधिकृत तथा जनगणना अधिकारी शिवनारायण महतोले भदौ ३० देखि सुचारु -*बाँकी ३ पेजमा*



जिल्ला शिक्षा सम्वनय उदयपुर इकाईको सरकारी सवारी साधन बिहिबार साझ ७ बजे निजी काममा गाईघाट पिसजोन इन्टरनेशनल विद्यालयको कम्पाउण्ड भित्र फेला परेको छ। तस्बिर- महेश्वर

# मोटरसाईकल नीजि काम सरकारी

मुलुकी संवाददाता
गाईघाट, भदौ ३०




त्रियुगा नगरपालिका उदयपुरका सडकबत्ती बनाउने प्राविधिक रन्जित चौधरी र जोगिन्दर चौधरी आफ्नै निजी मोटर साईकलमा नगरपालिका क्षेत्रका सडक बत्ती बनाईरहेका छन्। बिहिबार गाईघाट पत्रकार महासंघ जाने सडकको ७ वटा सडक बत्ती, गाईघाट बिधुत कार्यालय मार्गको २ वटा सडकबत्ती बनाएका छन्।

# आज उदयपुरमा धुमधाम बिश्वकर्मा पुजा मनाईदै

बेद कुमारी बान्तवा राई
उदयपुर, भदौ ३१

आज विश्वकर्मा पुजाको दिन। वर्षेनी फलामजन्य धातुको सामग्री बनाउने तथा चलाउनेहरुका लागि विश्वकर्मा पुजाको दिन विशेष हुने गरेको छ। यही सिलसिलामा गाउँभन्दा सहरबजारमा यो दिन विश्वकर्मा बाबाको तस्विर र मूर्तिमा पुजाआजा गर्ने तथा राभतर जाग्राम बस्ने प्रचलन छ।

आजका दिन फलामबाट बनेका साईकलदेखि मोटरसाईकल, जिप, कार, भेन, ट्र्याक्टर, ट्रक, बस, स्काभेटर र लरीसम्मका सवारी साधन, कम्प्युटरदेखि दराज, फ्रीज हुँदै ठूलठूला फलामा सामग्रीहरुको पनि पुजा गर्ने गरिन्छ। पुजाका दिन विश्वकर्मा बाबाको तस्विरमा माल्यार्पण गर्ने तथा भजन किर्तन गरेर भक्तजनहरुले रात बिताउने गर्दछन्।




पछिल्लो समय सहर बजारमा विश्कर्मा पुजालाई आडम्बरको रुपमा बढावा दिइदै गएको पाइन्छ। गच्छेभन्दा बढी ऋण काढेर तामझाम गरेर पुजा गर्ने, सामान्य लड्डु मिठाईदेखि रमाईलोका नाममा जाँड, रक्सी र मासुको उपभोग गर्ने गराउने तथा अनावश्यक खर्च गर्ने प्रचलन बढेको पाइन्छ। चाडपर्वलाई बचाईराख्न, संस्कार परम्परालाई यथावत राख्नुपर्छ तर, आडम्बरी र तडकभडक गरेर समय र पैसाको दुरुपयोग गर्नबाट रोक्नु उत्तम हुन्छ। त्यसैले ठिक्कले चाडबाड मनाऔं, अनावश्यक आडम्बर प्रस्तुत नगरौं, सबैलाई विश्वकर्मा पुजाको शुभकामना!






Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# सरकारी सवारी साधनको चरम दुरुपयोग तुरुन्त रोक

नेपाली काङ्ग्रेस उदयपुरको अहिले मुलुकभर १४ औ महाधिबेशन चलिरहेको छ । यस बेला उदयपुरमा पनि नेपाली काङ्ग्रेस को जिल्ला अधिबेशनले तिब्रता लिएको छ । जिल्ला अधिबेशन चलिरहेको अबस्थामा नेपाली काङ्ग्रेसबाट निर्बाचित जनप्रतिनिधिहरुले आफ्नो ब्याक्तिगत काम, नेपाली काङ्ग्रेसको महाधिबेशनमा सरकारी सेतो प्लेटको सवारी साधन प्रयोग गरी सरकारी सवारी साधनको चरम दुरुपयोग गरेको पाईएको छ ।

सुबिधाको नाममा नगरपालिका, गाउँपालिका, वडा कार्यालयले उपलब्ध गराएको सरकारी सवारी साधन, सेतो प्लेटको गाडीमा नेपाली काङ्ग्रेसको झण्डा फहराएर चलाउन भनी कसले अनुमती दियो ? राज्यको ढुकुटीबाट सञ्चालन हुने सरकारी सवारी साधनको दुरुपयोग गर्ने जो कोही पनि राष्ट्रको लागि घातक हुन् । जनप्रतिनिधि होस या कर्मचारीलाई सुविधाको नाममा उपलब्ध गराईएको सरकारी सवारी साधन जनताको काममा सेवा दिन सजिलो होस भनेर उपलब्ध गराएको हो । सकिन्छ कार्यालय समयमा सरकारी सवारी साधन प्रयोग गरौ । कार्यालय समय बाहेक सुबिधाको सवारी साधन, पेट्रोल, ड्राईभर, प्रयोग गरौ । राज्यमा के गर्यो, कसले क्हाँ के गर्दैछ होईन कि यो उदयपुर हो र यहाँ हामीले राम्रो काम गरेर सुरुवात गरेर सन्देश दिन सकौ । हामीले अरु केही भनेका होईनौ शुसासन कायम गरौ । थोरै थोरै भए पनि राज्यको खर्च घटाउन मदत गरौ भनेको हो । जनप्रतिनिधिहरुलाई उपलब्ध गराईएको सरकारी सवारी साधन जनता सम्म सहज तरिकाले जान भनेर दिएको हो । जहाँ आफ्नो निजी काममा जान भनेर कदापी दिएको होईन । सरकारी कर्मचारीलाई दिएको सवारी साधन कार्यालय समयमा १०-५ समयको लागि कार्यालय जान आउन सहज होस भनेर दिईएको हो । सरकारी कर्मचारी जो कोहीलाई बजार घुम्न, निजी पसल सम्म जान आउन सरकारी सवारी साधन दिएको होईन । अत्ति गर चार नगर भनेको यहि हो कि २ सय मिटर घर, कोठादेखि आफ्नो निजी पसल सम्म पनि सरकारी सवारी साधन दुरुपयोग गरेर चलाउन भनी दिएको पटक्कै होईन । जो कोही पनि कारबाहीको दायरामा पर्नेछ । जनप्रतिनिधि र सरकारी कर्मचारीहरुले सकेसम्म आफुले खाएको खाजा नास्ता, तरकारीको खर्च समेत सरकारी सुबिधाबाट उठाउन खोज्छन् । शनिबार होस या अन्य दिन सरकारी सवारी साधन दुरुपयोग उदयपुरमा जिरो हुनेछ र बनाईनेछ । असार ३० गते बुधबार पनि नेकपा एमाले उदयपुरले आयोजना गरेको जिल्ला भेलामा जनप्रतिधि तथा कर्मचारीले सरकारी सवारीसाधन दुरुपयोग गरे । बिहिबार साँझ जिल्ला शिक्षा सम्वनय इकाई उदयपुरको बा १ झ ६६२० नम्बरको सरकारी सवारीसाधन नीजि काममा प्रयोग गरिएको पाईयो ।

# बाणिज्य संघको सफलता पछि नेपाली काङ्ग्रेसमा पबनको माहोल बन्दैछ

भाबना बान्तवा राई





२०५४ बेल्टार बसाहा बाणिज्य सङ्घको अध्यक्ष पवन कार्किको जन्म ईन्डिया इष्ट बङ्गाल चेम्पावलिमा भएको थियो । उनले बुबा आमा रोजगारको लागि ईन्डिया गएका थिए । उनले बुबा आमा जन्म खोटाङमा भएका थिए ।पिता योगराज कर्की र आमा चिना मायाको पहिलो सन्तान हुन् । उनहरुको २ छोरा र १छोरी हुन् । हाल बुबा आमा र भाइ गाइघात त्री न पा ११ मा र बहिनी बिरातनगरमा बसोबास गरि गरिरहेका छन् ।उनले कक्षा १०सम्म मा बि हडिया मा बि मा अध्यन गरे । केही समय मोतिगडामा र पछि काठमान्डोबाट अध्यन गरे । उनले २०६० मा खोटाङ जिल्ला मातिमको रुकु राईकार्किसङ बिबाह गरे । उनको २ छोराहरु छन् । जेठो प्रतीक र कान्छो प्रशन्न हुन्। प्रतीक ११ मा अध्यन गर्दै छ भने प्रसन्न ९ मा अध्यन गर्दै छ । उनका बुबा र बहिनिले २०५७ देखि हडवेयरको ब्यापार सुरु गरेका थिए । त्यसपछी पबनले ब्यापार गर्न थाल्यो । २० बर्ष अगाडी बेल्टारमा पक्का घरहरु थिएन । सडक राम्रो थिएन । त्यसबेला सोलुखुम्बु, खोटाङ र भोजपुरदेखि ब्यापार ब्याबसायको रुपमा आउथे। बेल्टार बसाहा उधोगबाणिज्य सङ्घको स्थापना २०५१ मा उदयपुर उधोग बाणिज्य सघ कतारीको शाखा संचालन मणिलाल भट्टराई सर्बसहमत अध्यक्ष थियो । २०७१ चैत्र २४ गते बेल्टार बसाहा नगरपालिका भएपछी पबन कार्किको नेतृत्वमा संविधान बनाएर २०७१ चैत्र १४ गते संघ निर्वाचित भए । साथै सर्ब सहमतिबाट वडा भए । पछिल्लो समय बेल्टार उधोग बापिज्य नयाँ कार्य शुचि बनाइ रहेको तर सुस्त नै बसिरहेका कोभिडको कारणले निर्बाचित भएको प्रमाण पत्र समेत बितरन गर्न नसकेको कार्किले बताए ।बेल्टार उधोग बाणिज्य संघको भबन निर्माणका लागि गोपाल अधिकारिले १ क्ठा र बिष्णु कुमारी स्रेस्थले १० ढुर दिएका छन् । पवन कार्की २०७१ सालमा त्यहाँको अध्यक्ष बनेर आउँदा सस्थाको नाममा जम्मा ९० हजार थियो । त्यो भवन निर्माण गर्न ४ बर्ष लाग्यो । निर्माण गर्न जम्मा ५४ लाख ६६ हजार लागत लागेको कार्किले बताए । २०७१ मा यस संघको सदस्य ६ सय थियो । हाल १३ सय रहेको छन । बेल्टार बजारको ४ सय बाकी बसाहा ,हदिया र सिराहीको रहेको छ । बेल्टार बाणिज्य संघको मुख्य समस्याहरु बाटो ,सडक राम्रो नभएको व्यापार सूक्ष्म रहेको बताए । बेल्टार उधोग बाणिज्य संघमा १ जना कर्मचारी रहेको छ ।

## गाईघाट बजारमा भदौ ३० गते बुधबार खुद्रा तरकारी बजार भाउ ।

| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १६, धनियाँ | रु १०० |
| २, अदुवा | रु १२० | १७, लोकल बोडी | रु १४० |
| ३, टमाटर | रु ४० | १८, खर्बुजा | रु ४० |
| ४, बन्दा | रु ४० | १९, रायो साग | रु २०० |
| ५, भेन्टा | रु १०० | २०, लट्टे साग | रु १२० |
| ६, खुर्सानी | रु १६० | २१, प्याज | रु ६० |
| ७, मुला | रु ६० | २२, निगुरो | रु ६० |
| ८, पर्बल | रु १०० | २३ दुध | रु. ७० |
| ९, तितेकरेला | रु १०० | २४, दही | रु ९० |
| १०, भिन्डी | रु ६० | २५, मोही | रु ५० |
| ११, च्याउ | रु २४० | २६, घ्यु | रु ७०० |
| १२, काउली | रु १६० | २७, राँगाको मासु | रु ४०० |
| १३, फर्सी | रु ५० | २८, बंगुरको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २९, खसीको मासु | रु १,००० |
| १५, काँका | रु ५० | | |









| | |
|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ |
| गाईघाट-लहान | १००.९५ |
| गाईघाट-रुपनी | १५९.८६ |
| गाईघाट-राजबबीराज | १८५.०९ |
| गाईघाट-ईटहरी | ३३७.९२ |
| गाईघाट-धरान | ३७१.२० |
| गाईघाट-बीराटनगर | ३८२।७२ |
| गाईघाट-बीर्तामोड | ५३८.४८ |
| गाईघाट-काकडभीठा | ५५६.८० |
| गाईघाट-र्मीचैया | १६८.२७ |
| गाईघाट-कटारी | २५२.४० |
| गाईघाट-ढल्केवर | २६०.८३ |
| गाईघाट-जनकपुर | ३०१.३१ |
| गाईघाट-चन्द्रनीगाहपुर | ३९५.४४ |
| गाईघाट-पथलैया | ५०४.८२ |
| गाईघाट-बीरगन्ज | ५८०.१० |
| गाईघाट -हेटौडा | ५९६.९९ |
| गाईघाट -नारायणघाट | ७४०.४२ |
| गाईघाट- काठमाण्डौं | ११०३९.७ |
| गाईघाट - पोखरा | १०९०.२१ |
| गाईघाट-जलजले चुहाडे | ४४.८० |
| गाईघाट-कालीखोला | ६४.०० |
| गाईघाट-होक्से | ७६.८० |
| गाईघाट -नाम्जे | ८९.६० |
| गाईघाट-कौवाई | ११५.२० |
| गाईघाट -मुर्कुची | १२८.०० |
| गाईघाट-अधेरी | १५३.६० |
| गाईघाट -फर्से | १६६.४० |
| गाईघाट -देउराली | १७९.२० |
| गाईघाट -नेपालटार | १९२.०० |
| गाईघाट -रामपुर | ३२१.२८ |
| गाईघाट- जाँते | ७६८.०० |

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## कोबिड ....

भएको गनगणना आउँदो मंसिरभित्र सम्पन्न गरिसक्ने गरी जिल्लाभरी कर्मचारी खटाएर सुचारु गरिएको बताए । 'मेरो गणना, मेरो सहभागिता' भन्ने नाराका साथ सुचारु जनगणना कार्यका लागि यसअघि नै नियुक्त भईसकेका १ सय ७ जना सुरपरीवेक्षकलाई फिल्डमा खटाईएको महतोले बताए । उनीहरुलाई यही भदौ २७ र २८ गते दुईदिन पुनर्ताजगी तालिम दिएर २९ गते आवश्यक सामग्री हस्तातरण गरी फिल्डमा खटाइएको महतोले बताए ।

जिल्लाका त्रियुगा, कटारी, चौदण्डीगढी र बेलका नगरपालिकाका लागि गाईघाट, मुर्कुची र बेल्टारमा स्थानीय जनगणना कार्यालय स्थापना गरिएको छ । फिल्ड खटाइएका सुपरीवेक्षकहरुले पहिलो चरणमा ०७८ भदौ ३० देखि असोज १८ गतेसम्म २० दिनभित्र जिल्लाका प्रत्येक घर गएर २० वटा प्रश्नावलीमा घर तथा घरपरिवार सूचीकरण फाराम भर्नुपर्ने छ । त्यस्तै दोस्रो चरणमा गणक नियुक्त गरी ०७८ कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म १५ दिनको अवधिमा ८० वटा प्रश्नावलीका आधारमा मुख्य गणना कार्य सम्पन्न गर्नुपर्ने विधि तय भएको छ ।

मूख्य गणानाको समयमा सुपरीवेक्षकले वडा कार्यालय गएर सामुदायिक प्रश्नावली भर्नुपर्नेछ भने प्रत्येक वडा कार्यालय गएर वडाले नागरिकलाई दिएको सेवासुविधा, भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधार, वातावरणीय अवस्था र विपद्सम्बन्धी विवरणसहितको सामुदायिक प्रश्नावलीमार्फत तथ्य संकलन गर्नुपर्ने छ । राष्ट्रिय जनगणना २०७८ लाई समन्वय गर्दै प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला जनगणनासमिति र जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा जिल्ला जनगणना सहजिकरण समिति गठन गरिएको छ ।

त्यसैगरी स्थानीयतहमा मेयर तथा अध्यक्ष नेतृत्वमा स्थानीय जनगणना समन्वय समिति र वडाध्यक्षाको संयोजकत्वमा वडास्तरीय जनगणना सहजिकरण समिति बनाइएको छ । समितिहरुसँग समन्वय गरेर सुपरीवेक्षाक तथा गणकहरुले फिल्डमा प्रभावकारी कार्य गर्नुपर्ने नीति बनाइएको महतोले बताए ।

महताेका अनुसार त्रियुगा ननगरपालिकामा ३० जना सुपरीवेक्षक खटाइएका छन् भने बेलकामा १४, चौदण्डीगढीमा १७ र कटारीमा १९ जनालाई परिचालन गरिएको छ । त्यस्तै ताप्ली गाउँपालिकामा ५, रौतामाईमा ७, उदयपुरगढीमा १० र लिम्चुङबुङगामा ४ जना खटाइएको छ । विशेष स्थानको रुपमा उदयपुर, सुनसरी र सप्तरीको सीमामा पर्ने कोसी टप्पुमा १ जना छुट्टै सुपरीवेक्षक खटाइएको महतोले बताए ।

जनगणनाका लागि गणकहरुको छनौट भने २०७८ असोज १० गतेसम्ममा केन्द्रीय तथ्यांक विभागले लघुसूची (सर्टलिस्ट) प्रकाशन गरेपछि मात्र हुने छ



यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ । साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ ।

# बनको पैसाले घर घरमा ग्यास

मुलुकी संवाददाता
उदयपुर, भदौ ३१

यहाँको एक सामुदायिक वन उपभोक्ता समूह (सावउस)ले उपभोक्तालाई सोलार बत्ती र ग्याँस चुल्हा बितरण गरेको छ। जिल्लाको त्रियुगा नगरपालिका १४ साउनेस्थित नयाँ प्रगतिसिल सावउसले आफ्नो सेवाक्षेत्र उपभोक्तालाई सोलर बत्ती र ग्याँससहित चुल्हा बितरण गरेको हो ।

दाउरा बाल्दा वन पैदावारको खर्च हुने तथा धुँवाले स्वास्थ्यमा असर गर्ने हुनाले ग्याँस चुल्हा बितरण गरिएको समूहले जनाएको छ । दाउरा काट्न रुख विरुवा नष्ट गर्नुपर्ने हुँदा वन विनाश रोक्न ग्याँस बितरणले सहयोग पुग्ने अपेक्षा समूहले गरेको सावउसका अध्यक्ष मेघजित राईले बताए । उनका अनुसार उपभोक्तालाई अँध्यारोमुक्त राख्न सोलार बत्तीले सहयोग पुग्ने अपेक्षा समूहले गरेको छ ।

गाउँमा केहीवर्षअघि नै विद्युत बिस्तार भईसकेको भए पनि पटक पटक बत्ती जाने गर्दा मारमा परेका उपभोक्तालाई उज्यालो दिन सोलार बत्ती बितरण गरिएको उनले बताए । घरघरमा विद्युत जडान गरिएको भए पनि कतिखेर जानेआउने भन्ने कुनै ठेगान नभएकाले उपभोक्ता अँध्यारोमा बस्नुपर्ने बाध्यतामा छन् । त्यसैले उपभोक्तालाई सँधै उज्यालोमा राख्न सोलार प्यानल बितरण गरिएको अध्यक्ष राईले बताए ।

अध्यक्ष राईका अनुसार समूहले ग्याँस चुल्हा र सोलार बत्ती बितरण गर्न समूहले वार्षिक कार्ययोजना नै बनाएर पारित गरेको छ । जस अनुसार आर्थिकवर्ष ०७८/७९ को बार्षिक कार्यक्रममा 'गरिबी निवारण' शिर्षकमा बिनियोजित रकमबाट यो कार्यक्रम गरिएको उनले बताए । यसबाट समूहका ६० घरधुरीमध्ये १० घरपरिवार उपभोक्ता सोलार र ग्याँस चुल्हाबाट लाभान्वित भएका छन् ।

सावउसका सचिव रीना राईले समुहमा आबद्ध ६० घरधुरीमध्ये निम्न बर्ग र बिपन्न, जेष्ठ नगारिक, एकल महिला, असक्त, अपाङ्गता भएकाहरुलाई प्राथमित्ता दिइएको बताईन् ।

## कटारी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय
### कटारी, उदयपुर
### प्रदेश नं. १

**प्रारम्भिक वातावरणीय प्ररिक्षण प्रतिबेदन तयारी गर्नको लागि सार्वजनिक सुनुवाई बारे सार्वजनिक सुचना**

यस कटारी नगरपालिका नगर क्षेत्र भित्रका निम्न नदिनाला तथा खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन र विक्रि वितरण तथा निकासीलाई व्यवस्थित गर्नको लागि प्रारम्भिक वातावरणीय प्ररिक्षण प्रतिबेदन तयार गर्ने क्रममा वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ को उपनियम १ बमोजिम सार्वजनिक सुनुवाईको आयोजना गरि राय सुझाव संकलन गर्नु पर्ने भएकाले तल दिइएको तालिका बमोजिको सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

| क्ष्भ् गर्ने खोलाहरु | प्रभावित हुन सक्ने बस्ति/क्षेत्रहरु | सार्वजनिक सुनवाई हुने स्थान, समय र मिति |
|---|---|---|
| तावाखोला वडा नं. ७ र वैद्यनाथ खोला वडा नं. ६ (**प्याकेज १**) | वडा नं. ७ को कपुर दह देखि माझि गाँउ वडा नं.६ को सोमबारे | **मितिः** २०७८ अशोज ४ गते**स्थानः** कटारी नगर पालिका वडा नं. ७ को वडा कार्यालय**समयः** विहान १०:०० बजे |
| तावाखोला वडा नं. ३, ४, ५ (**प्याकेज २**) | वडा नं. ३, ४ र ५ अर्न्तगतका हडैया खहरे तावा दोभान, तावा ककरु दोभान, राजावास आसपास क्षेत्र, कटारी पश्चिम (रेडक्रस कार्यालय), स्मृति वाटिका पश्चिम, झो.पु. पश्चिम र कालीखाडि | **मितिः** २०७८ अशोज ४ गते**स्थानः** कटारी नगरपालिकाको सभाहल **समयः** दिउँसो २:०० बजे |
| तावाखोला वडा नं. २, बेलश्रोत खोला वडा १ र कमलाखोला वडा नं. २ (**प्याकेज ३**) | वडा नं. १ र २ अर्न्तगतका तावा खोलाको सिमनपुर, बेलस्रोत खोलाको बेलस्रोत कमलाखोला दोभान, कमलाखोलाको मजुवा, भाटन्टेचौरी र तावाकमला (त्रीवेनी मेला स्थान) | **मितिः** २०७८ अशोज ५ गते **स्थानः** कटारी नगरपालिका वडा नं. २ को वडा कार्यालय, ग्राँस **समयः** विहान १०:०० बजे |
| कमला खोला वडा नं. १, बहादुर खोला वडा नं. १४ (**प्याकेज ४**) | वडा नं. १ र १४ का तिमनाई र सिस्नेरी, बहादुर खोला | मितिः २०७८ अशोज ५ गते स्थानः कटारी नगरपालिका वडा नं. १ को वडा कार्यालय, बेलस्रोत समयः दिउँसो २:०० बजे |

माथि प्रस्तावित गरिएका प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा प्रस्तावित कार्यबाट सो क्षेत्रहरुमा भौतिक, जैविक, सामाजिक, आर्थिक क्षेत्रमा पर्न सक्ने प्रभाव र न्युनिकरणका उपायहरुको सम्बन्धमा सम्बन्धित वडा कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुले माथि दिइएको मिति, स्थान र समयमा आयोजना गरिने सार्वजनीक सुनुवाई कार्यक्रममा उपस्थिति भई आ- आफ्नो राय सुझाव लिखित वा मौखिक रुपमा प्रदान गरिदिन हुन अनुरोध गरिन्छ । प्राप्त राय सुझावका आधारमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदनलाई अन्तिम रुप दिइने छ ।


**प्रस्तावक रपरामर्सदाताको ठेगाना**

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रदेश नं. १, उदयपुर<br>फोनं. नं. ०३५-४५०२९६, ४५००३९<br>ict.katarimun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | अनन्त इन्जिनिरिङ कन्सल्टेन्टगाइघाट, उदयपुर,<br>प्रदेश नं. १ फोनं. ९८६२०२६२९० |


असोज २ गते फिलिपिन्स बिरुद्ध खेल खेल्न ताजेकिस्तान पुगेका नेपाली महिला फुटबल टिम बिदेशी भुमि ताजेकिस्तानको खेलमैदान बिहिबार नियमित खेल अभ्यासमा । तस्बिर - अनलाईन



















माझखर्क सामाजिकको एक प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट